# विश्व सिमसार दिवस २००९

## फेब्रुअरी २




**UPSTREAM DOWNSTREAM**

नदी-खोलाको उपल्लो क्षेत्र-तल्लो क्षेत्रको अन्तरसम्बन्ध

**Wetlands connect us all**

सिमसारले हामी सबैलाई जोड्छ ।

"नदी-खोलाको जलाधार संरक्षण र उचित व्यवस्थापन गरौं ।"

### सिमसार तथा जलाधार क्षेत्रका बारेमा हामीले थाहा पाउनै पर्ने कुराहरू:

१. शुद्ध पानी जीवनको लागि महत्वपूर्ण र सम्वेदनशील श्रोत हो जुन नदी-खोला लगायतका सिमसारबाट प्राप्त हुन्छ । त्यसैले नदी खोला लगायत अन्य सिमसारको जलाधार क्षेत्रहरूको उचित व्यवस्थापन गरौं ।

२. हामी सबै कुनै न कुनै जलाधार क्षेत्रभित्रै बस्छौं जुन पारिस्थितिकीय प्रणालीको महत्वपूर्ण तथा अभिन्न अङ्ग हुन् ।

३. नदी-खोलाको उपल्लो तथा तल्लो धरातलीय क्षेत्रमा बसोबास गर्ने हामी मानव समुदाय एक अर्कामा अन्तर सम्बन्धित भएर रहेका छौं । हाम्रा गतिविधिहरूले जलाधार क्षेत्रभित्रको प्राकृतिक श्रोतहरू - माटो, पानी, हावा, बोटविरुवा तथा प्राणीहरूलाई सकारात्मक वा नकारात्मक असर पुर्‍याईराखेको हुन्छ । संरक्षण वा विनाश तर्फ उन्मुख हाम्रा गतिविधिहरू हाम्रै नियन्त्रणमा हुन्छन् र हामीले चाहयौं भने परिवर्तन गर्न सक्छौं ।

४. नदी-खोलाको जलाधार क्षेत्र भित्र सिमसारको प्राकृतिक पारिस्थितिकीय प्रणाली तथा पानी वा जलचक्रको सन्तुलन कायम राख्ने अहम् भूमिका रहेको हुन्छ ।

५. एकिकृत जलाधार र जलश्रोत व्यवस्थापन सर्वमान्य तथा उपयुक्त व्यवस्थापनका तरिकाहरू हुन् जसमा जलाधार क्षेत्रभित्रका सबै श्रोत तथा क्षेत्रहरूको एकसाथ व्यवस्थापन गरेर वुद्धिमत्तापूर्ण उपभोग गरिराख्न सकिन्छ ।

६. नदी-खोला लगायतका सिमसार क्षेत्रको सफल व्यवस्थापन सरोकारवालाहरूको व्यापक सहभागितामा निर्भर गर्दछ । तपाई हामी सबै एक जिम्मेवार सरोकारवाला हौं र सिमसार व्यवस्थापनमा हाम्रो पनि भूमिका रहन्छ ।

७. पानीको अपर्याप्तता तथा अभाव अहिलेको प्रमुख समस्याको रूपमा देखा परेको छ । के ले गर्दा यस्तो भएको होला ? यस सम्बन्धमा हाम्रो भुमिका के हुन सक्ला ? एकपटक हामी सबैले सोच्नै पर्छ ।

८. शहरीकरण तथा शहरी वासिन्दाको गैर जिम्मेवार गतिविधिहरूले जलाधार तथा नदी-खोलाको तल्लो क्षेत्रमा बस्ने मानव समुदाय, जैविक विविधता तथा पानीको शुद्धतामा प्रतिकुल असर पुगिराखेको छ, यसतर्फ समयमा नै ध्यान नगए भविष्यमा हाम्रा सामु यो विकराल समस्याको रूपमा आउनेछ ।

९. असंख्य प्रतिकुल गतिविधिहरू मध्ये निम्न ६ वटा क्रियाकलाप तथा गतिविधिहरू सिमसार तथा जलाधार क्षेत्रहरूका लागि खतराको रूपमा देखिएका छन् : बाँध तथा अन्य भौतिक संरचना निर्माण, अधिक जल उपयोग, मौसम परिवर्तन, मिचाहा झार प्रजातिहरूको फैलावट, अधिक माछा मार्ने काम र प्रर्दुषण ।

"जलाधार तथा सिमसार क्षेत्रहरूको संरक्षण नभए पानी रहँदैन, पानी नरहे हामी रहन्नौं । त्यसैले सन्तुलित वातावरण, स्वस्थ जीवन र मानव जातिको निरन्तर अस्तित्वका लागि आजैबाट नदी-खोला, ताल, पोखरी तथा सिमसारसंग सम्बन्धित जलाधार क्षेत्रहरूको संरक्षणमा आ-आफ्नो ठाउँबाट सहभागी बनौं ।"

WETLAND FRIENDS OF NEPAL 2006

CONSERVATION FUND

TOYOTA Environmental Activities Grant Program

British Ecological Society

PITTSBURGH ZOO & PPG AQUARIUM

BirdLife IBA चराका लागि महत्वपूर्ण बासस्थान

The Rufford Small Grants Foundation
www.ruffordsmallgrants.org


For more information:
Mr. Mohan Raj Kafle
**Wetland Friends of Nepal** (WFN), Gaikhur-1, Gorkha, Nepal Tel: +977 9746023287, E-mail: mail@wetlandfriends.org
Website: www.wetlandfriends.org


GraphicPRINTEC ©2009